जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०७०/७१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३४२ • २०८३ असोज १४ गते बुधवार • 30 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# सञ्चालनमै नआउँदै सोनमाका दुई कृषि ट्रान्सफर्मर चोरी, किसानको सिँचाइ संकटमा



मो. इर्शाद
महोत्तरी, १३ असोज

महोत्तरीको सोनमा गाउँपालिकामा जडानको प्रतीक्षामा रहेका दुईवटा नयाँ कृषि ट्रान्सफर्मर एकै रात चोरी भएपछि किसानको सिँचाइ समस्या झन् गम्भीर बनेको छ। करिब तीन महिनादेखि जडानको प्रतीक्षामा रहेका ट्रान्सफर्मर चोरी भएपछि स्थानीय किसान निराश भएका छन् । सोनमा गाउँपालिका-६ निवासी अशोककुमार यादवका अनुसार गाउँपालिकाको वडा नं. २ र ६ मा जडानका लागि राखिएका दुवै नयाँ ट्रान्सफर्मर असोज ९ गते राति चोरी भएका हुन् ।

ट्रान्सफर्मर जडान भएपछि विद्युतमार्फत सिँचाइ सहज हुने आशामा रहेका किसान चोरीको घटनापछि थप समस्यामा परेका छन् । यादवले ट्रान्सफर्मर चोरी भएपछि गाउँमा रहेका अन्य ट्रान्सफर्मरसमेत चोरी हुन सक्ने जोखिम बढेकाले सुरक्षाका दृष्टिले केही ट्रान्सफर्मर खोलेर सुरक्षित स्थानमा राखिएको बताए ।

समयमै वर्षा नहुँदा धान खेती प्रभावित भइरहेका बेला सिँचाइका लागि विद्युत सेवा सञ्चालन हुने आशामा रहेका किसानलाई ट्रान्सफर्मर चोरीले थप निराश बनाएको छ । स्थानीयले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई तत्काल कानुनी कारबाही गर्न माग गरेका छन् । सोनमा गाउँपालिकाका युवा सीयाशरण मण्डलका अनुसार भौतिक पूर्वाधार कार्यालय, महोत्तरीको करिब ४५ लाख रुपैयाँ लागतमा सोनमा गाउँपालिकाका विभिन्न वडामा ट्रान्सफर्मर जडान गर्ने योजना रहेको थियो ।

करिब तीन महिनादेखि विद्युत सेवा सञ्चालनका लागि पहल भइरहेका बेला जडानको प्रतीक्षामा रहेका ट्रान्सफर्मर चोरी भएको उनले बताए । मण्डलका अनुसार असोज ६ गते स्थानीयले महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी तथा भौतिक पूर्वाधार कार्यालयमा पुगेर जडान भइसकेका ट्रान्सफर्मरबाट विद्युत सेवा तत्काल सञ्चालन गर्न माग गर्दै डेलिगेसन दिएका थिए ।

तर, डेलिगेसन दिएको तीन दिनमै जडानका लागि राखिएका दुई ट्रान्सफर्मर चोरी भएको उनको भनाइ छ । कृषि प्रयोजनका लागि विद्युत सेवा सञ्चालन हुने प्रतीक्षामा रहेका किसानका लागि ट्रान्सफर्मर चोरी गम्भीर समस्या बनेको मण्डलले बताए। उनले घटनामा सम्बन्धित निकायको लापरवाही हुन सक्ने आरोप लगाउँदै निष्पक्ष छानबिन गर्न माग गरेका छन् ।

यसैबीच, मंगलबार तीन दर्जनभन्दा बढी स्थानीय बासिन्दा जिल्ला प्रशासन कार्यालय र भौतिक पूर्वाधार कार्यालय पुगेका छन् ।

उनीहरूले चोरी भएका दुवै ट्रान्सफर्मर तत्काल खोजी गरी फिर्ता ल्याउन, घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न, प्रभावित क्षेत्रमा तत्काल नयाँ ट्रान्सफर्मर जडान गर्न, जडान भइसकेका ट्रान्सफर्मरबाट तत्काल विद्युत सेवा सञ्चालन गर्न तथा अन्य ट्रान्सफर्मरको सुरक्षा व्यवस्था मजबुत बनाउन माग गरेका छन्

बांकी पृष्ठ ४ मा ।

# संस्था तथा गैरसरकारी संघसंस्थाको अभिलेख अद्यावधिक

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ असोज




जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लामा दर्ता भएका संस्था तथा गैरसरकारी संघसंस्थाको अभिलेख अद्यावधिक गर्न प्रक्रिया अघि बढाएको छ । कार्यालयले दुई वर्षभन्दा बढी समयदेखि संस्था नवीकरणका लागि सम्पर्कमा नआएका संस्थालाई दुई महिनाभित्र नवीकरण तथा अभिलेख अद्यावधिक गर्न सूचना जारी गरेको हो ।

कार्यालयका अनुसार महोत्तरीमा हालसम्म संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ बमोजिम २ हजार ३२ वटा संस्था दर्ता भएका छन् । तर, तीमध्ये नियमित रूपमा नवीकरण हुने संस्थाको संख्या अत्यन्त न्यून रहेको प्रशासनले जनाएको छ । जिल्ला प्रशासन कार्यालयले पटकपटक आएको बाढी तथा कार्यालय भवन स्थानान्तरणका क्रममा कतिपय संस्थाका विधानसहितका सक्कल मिसिल नष्ट वा हराएको समेत जनाएको छ । त्यसकारण दर्ता भएका संस्थाको वास्तविक अवस्था पहिचान गरी अभिलेखलाई व्यवस्थित र अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिएको कार्यालयको भनाइ छ । प्रशासनले संस्था स्थापना भए पनि लामो समयसम्म नवीकरणका लागि सम्पर्कमा नआउँदा संस्थाले आफ्नो उद्देश्यअनुसार काम गरे-नगरेको विषयमा समेत अन्योलता रहने जनाएको छ ।

साथै नवीकरण दस्तुरबापत सरकारलाई प्राप्त हुने राजस्वसमेत समयमा संकलन हुन नसकेको कार्यालयले उल्लेख गरेको छ ।

# पूर्वमेयर एवं माओवादी केन्द्रका नेता महतो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ असोज



महोत्तरीको गौशाला नगरपालिकाका पूर्वमेयर एवं माओवादी केन्द्रका नेता शिवनाथ महतो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन् ।

रास्वपा सभापति रवि लामिछानेले महतोलाई पार्टीमा स्वागत गर्दै सदस्यता प्रदान गरेका हुन् । महतोसँगै महोत्तरीको औरहीका माओवादी नेता रामबाबु चौधरी पनि रास्वपामा प्रवेश गरेका छन् ।

गौशालामा माओवादी केन्द्रका प्रभावशाली नेताका रूपमा परिचित महतो स्थानीय तहको निर्वाचनमा गौशाला नगरपालिकाको नेतृत्वसमेत गरिसकेका छन् । पछिल्लो समय उनी माओवादी केन्द्रको राजनीतिबाट बाहिरिँदै रास्वपामा आबद्ध भएका हुन् । महोत्तरीमा संगठन विस्तारलाई तीव्रता दिइरहेको रास्वपाले स्थानीय तहमा राजनीतिक प्रभाव राखेका नेताहरूलाई पार्टीमा भित्र्याउन थालेको छ । महतो र चौधरीको प्रवेशले गौशाला र औरहीमा रास्वपाको संगठन विस्तारमा थप प्रभाव पर्ने विश्वास गरिएको पार्टीका नेताहरूले बताएका छन् । माओवादी पृष्ठभूमिका नेताहरू रास्वपामा प्रवेश गरेसँगै महोत्तरीमा आगामी राजनीतिक समीकरण र दलहरूको संगठनात्मक गतिविधिमा समेत प्रभाव पर्न सक्ने देखिएको छ ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




## बहुआयामिक चुनौती

नेपाल विश्वका भौगोलिक रूपमा अत्यन्त संवेदनशील देशमध्ये एक रहेका छन, जहाँ हिमाल, पहाड र तराईको जटिल तथा विविध भू-संरचनाले प्राकृतिक विपद् व्यवस्थापनलाई निरन्तर र बहुआयामिक चुनौती दिइरहेका छन । यहाँ बाढी केवल मौसमी वा अस्थायी घटनामात्र होइन, यो जीवन प्रणाली, राष्ट्रिय अर्थतन्त्र, भौतिक पूर्वाधार तथा सामाजिक संरचनालाई बारम्बार पुनः परिभाषित गर्ने शक्तिशाली प्राकृतिक प्रक्रिया रहेका छन । विशेषगरी मनसुनको समयमा अत्यधिक र अनियन्त्रित वर्षाले नदी प्रणालीको प्राकृतिक सन्तुलनलाई बिगार्छ, जसले नदीहरूमा आकस्मिक बहाव वृद्धि, किनार कटान र जलस्तरको असामान्य वृद्धि ल्याउँछन । यसको प्रत्यक्ष परिणामस्वरूप बाढी, पहिरो, डुबान तथा भू-क्षयजस्ता विनाशकारी घटना बारम्बार देखिन्छ, जसले जनधनको ठूलो क्षति पुर्‍याउँछन । पछिल्ला वर्षहरूमा रसुवा लगायतका हिमाली तथा पहाडी जिल्लाहरू यस्ता प्राकृतिक संकटहरूको प्रमुख केन्द्रबिन्दुका रूपमा देखा परेको छ, जसले नेपालको विपद् जोखिम अवस्था अझ जटिल र गम्भीर भएको स्पष्ट संकेत दिएका छन । भौगोलिक संवेदनशीलतासँगै जलवायु परिवर्तन, अव्यवस्थित विकास निर्माण, कमजोर पूर्वतयारी र सीमित पूर्वसूचना प्रणालीले यस जोखिमलाई अझ बढाएका छन । परिणाम स्वरूप नेपाललाई केवल प्राकृतिक सौन्दर्यको देशमात्र नभई निरन्तर विपद्-संवेदनशील राष्ट्रका रूपमा पनि बुझ्न थालिएका छन । यस्तो अवस्थामा वैज्ञानिक दृष्टिकोण, दीर्घकालीन योजना र संस्थागत क्षमता विकासबिना विपद् व्यवस्थापन प्रभावकारी हुन सक्दैन, जसले दीर्घकालीन रूपमा राष्ट्रिय सुरक्षा र दिगो विकासलाई प्रत्यक्ष असर पारिरहेकोले यसलाई रोक्न अहिलेको आवश्यकता रहेको देखिन्छ ।

# नगर सभापतिमा लालबाबु मिश्र निर्वाचित

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १३ असोज




नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत जनकपुरधाम उपमहानगरपालिका नगर सभापतिमा लालबाबु मिश्र निर्वाचित भएका छन् । निर्वाचनमा मिश्रले २४३ मत प्राप्त गर्दै नगर सभापतिमा निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी परमेश्वर साहले १७७ मत प्राप्त गरेका छन् ।

मिश्रले साहलाई ६६ मतान्तरले पराजित गर्दै नगर सभापतिको जिम्मेवारी पाएका हुन् । त्यसैगरि अर्का प्रतिस्पर्धी राम प्रसाद पजियारले ५४ र संजिवले ४८ मत प्राप्त गरेका थिए । नगर समितिको उपसभापतिमा विरेन्द्र कुमार यादव १८८ मत प्राप्त गरि विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्दी मनमोहन साहले १६२ मत प्राप्त गरेका थिए । महिला उपसभापतिमा भने निर्वाचन अघि नै फुलकुमारी साह निर्विरोध निर्वाचित भइसकेकी छन् । नगर समितिको सचिवमा राम दयाल यादव १३४ मत प्राप्त गरि विजय भएका छन् । उनका निकटतम प्रतिद्वन्दी ध्रुवनारायण मिश्र १२३ , अर्का प्रतिद्वन्दी राहुल मिश्रले ११५ मत प्राप्त गरेका थिए । त्यस्तै, सहसचिवमा ज्ञानेश्वर मण्डल विजयी भएका छन् । नगरसमितिको कोषाध्यक्षमा भने सदस्यहरुबाट चुनिने व्यवस्था रहेको छ ।

नगर समितिमा २५ वडाका नगर सभापतिहरु पदेन सदस्य रहेका छन् भने प्रत्येक वडा बाट २२२ जना गरि ५० जना सदस्य चयन हुने व्यवस्था रहेको छ । त्यस्तै, जेनजी समूहबाट ३ जना सदस्य समेत चयन भएको छ । त्यस्तै, कार्यसमिति सदस्यमा अनिल मिश्र र रामबाबु यादव रहेका छन् ।

# लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगर्न मधेश प्रदेश सरकारसँग माग

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १३ असोज



नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले सञ्चार माध्यमका लागि विनियोजन गरिएको लोककल्याणकारी विज्ञापनको बजेट कटौती नगर्न मधेश प्रदेश सरकारसँग माग गरेको छ । महासंघ मधेश प्रदेश समितिले मंगलबार अर्थमन्त्री युवराज भट्टराईसमक्ष ज्ञापनपत्र बुझाउँदै सञ्चार क्षेत्रमा देखिएको आर्थिक संकटका बीच लोककल्याणकारी विज्ञापनको बजेट कटौती गर्दा सञ्चार माध्यम थप समस्यामा पर्ने जनाएको हो ।

महासंघले लोकतन्त्र, गणतन्त्र र संघीयतालगायतका राजनीतिक तथा सामाजिक परिवर्तनका आन्दोलनमा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरेको छ । पछिल्लो समय सरकारले विज्ञापनमा गरेको कटौती तथा सञ्चार माध्यमको आम्दानी घट्दै जाँदा पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यम आर्थिक संकटमा परेको महासंघको भनाइ छ । मधेश प्रदेश सरकारले गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको आमसञ्चार प्राधिकरण मार्फत विगतका वर्षदेखि सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको छ । महासंघका अनुसार रकम न्यून भए पनि त्यसबाट सञ्चार माध्यमलाई केही राहत पुग्दै आएको छ । चालु आर्थिक वर्षमा आमसञ्चार प्राधिकरणमार्फत लोककल्याणकारी विज्ञापनका लागि बजेट शीर्षक नम्बर २२५२२ मा ७० लाख रुपैयाँ विनियोजन गरिएको थियो । तर, वित्तीय समायोजनका नाममा उक्त बजेटको ५० प्रतिशत रोक्का गरिएपछि अब ३५ लाख रुपैयाँ मात्रै खर्च गर्न सकिने अवस्था बनेको महासंघले जनाएको छ ।

महासंघले सञ्चार माध्यमको आर्थिक अवस्था कमजोर हुँदै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनको बजेटसमेत घटाउँदा यसको प्रत्यक्ष असर सञ्चार माध्यम र पत्रकारको रोजगारीमा पर्ने जनाएको छ । ज्ञापनपत्रमा विनियोजित ७० लाख रुपैयाँमध्ये रोक्का गरिएको ५० प्रतिशत रकम फुकुवा गरी पूर्ण बजेट कार्यान्वयन गर्न माग गरिएको छ ।

## जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं , खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेषः खानपानमा समस्या आउने

वृषः पढाईमा ध्यान दिनुपर्ने

मिथूनः अनावश्यक चिन्ता

कर्कटः मनमा पछुतो आउने

सिंहः अनावश्यक खर्चको संभावना

कन्याः पिछडेको साथी मिल्ने

तुलाः आम्दानी हुने

वृश्चिकः अशुभ समाचार प्राप्त हुने

धनुः मित्रतामा फाटो आउने

मकरः लामो यात्राको योग छ

कूम्भः विचार गरेर बोल्नुहोला

मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिका-इरान सम्झौतामा अझै अवरोध



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ असोज**

इरान र अमेरिकाबिच आठौं महिनामा प्रवेश गरेको द्वन्द्व अन्त्य गर्दै हर्मुज जलघाँटी पुनःखोल्ने सम्झौता गराउन मध्यस्थकर्ताहरूले प्रयास तीव्र पारेका छन् । प्रस्तावित योजनाअनुसार पहिले जलघाँटी खोल्ने र अमेरिकी नाकाबन्दी हटाउने तथा त्यसपछि प्रतिबन्ध र आणविक विषयमा सहमति खोज्ने तयारी भए पनि दुई पक्षबीच प्रमुख मतभेद कायमै छन् ।

तीन क्षेत्रीय र दुई अमेरिकी अधिकारीका अनुसार मध्यस्थकर्ताहरूले दुवै पक्षसँग अप्रत्यक्ष वार्ता गरिरहेका छन् । छलफल भइरहेको मस्यौदाअनुसार इरानले ओमानसँग गर्ने छुट्टै समझदारीअन्तर्गत जलघाँटी पुनःखोलिनेछ र व्यापारिक जहाज आवागमनलाई अस्थायी रूपमा व्यवस्थापन गरिनेछ । यसअघि जलघाँटीमा सुरक्षित जहाज सञ्चालन गराउने प्रयास असफल भएका थिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले एक साताभित्र जलघाँटी खोल्ने प्रस्ताव सुरुमा अस्वीकार गरेका थिए । इरानले अमेरिकी बन्दरगाह नाकाबन्दी हटाउनुपर्ने, रोक्का सम्पत्ति फुकुवा गर्नुपर्ने र तेल बिक्रीमा लगाइएको प्रतिबन्धमा छुट दिनुपर्ने सर्त राखेको बताइएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघची संयुक्त राष्ट्रसङ्घको महासभापछि पनि न्युयोर्कमै रहेका छन् । उनले कतारी मध्यस्थकर्तासँग पछिल्लो प्रस्तावबारे छलफल गर्ने बताइएको छ । उनले महासचिव एन्टोनियो गुटेरेससँग पनि भेट गरेका छन् । गुटेरेसको कार्यालयले कूटनीतिक प्रयासको स्वागत गर्दै दुवै पक्षलाई वार्तामा बस्न आग्रह गरेको जनाएको छ ।

अमेरिकी अधिकारीका अनुसार ट्रम्प प्रशासनले आणविक विषयमा ठोस प्रगति नभएसम्म सम्झौता गर्न चाहेको छैन । अमेरिकाले प्रतिबन्धमा राहत तथा केही रोक्का सम्पत्ति फुकुवा गर्न सक्ने भए पनि त्यसका लागि इरानबाट आणविक विषयमा रियायत चाहेको छ । इरानले पनि यस विषयमा लचिलो हुने सङ्केत दिएको बताइएको छ ।

# प्रीति आलेको डान्सिङ गीत 'मनमा पिर भएनी नाचिन्छ' सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ असोज**



चर्चित गायिका प्रीति आलेको स्वर रहेको नयाँ मौलिक लोक/डान्सिङ गीत 'मनमा पिर भएनी नाचिन्छ' सार्वजनिक भएको छ । कस्तुप पन्तको शब्द तथा संगीत रहेको गीतले जीवनमा जस्तोसुकै दुःख, पीडा वा पिर-मर्का आइपरे पनि सबै भुलेर हाँस्दै नाच्नुपर्छ र जिन्दगीलाई उमङ्गका साथ बाँच्नुपर्छ भन्ने सकारात्मक तथा ऊर्जावान् सन्देश दिन्छ । उत्कृष्ट शब्दहरू रहेको गीतमा गायिका आलेले आफ्नो मौलिक र ठेट शैलीमा स्वर भरेकी छन् । गीतमा रमेश सेन्चुरीको संगीत संयोजन (एरेन्ज) छ । गीतको म्युजिक भिडियोमा स्वयं गायिका प्रीति आले मुख्य भूमिकामा देखिएकी छन् । विभिन्न मौलिक नेपाली पहिरनमा सजिएर ठूलो समूहका कलाकारहरूसँगै उनले गरेको ऊर्जावान् नृत्य र अभिनयले भिडियोलाई निकै आकर्षक र भव्य बनाएको छ । नौमती बाजा, मादल र परम्परागत नेपाली संस्कृतिको सुन्दर सम्मिश्रण भिडियोमा देख्न सकिन्छ । भिडियोको कोरियोग्राफी तथा निर्देशन स्मृति तिमिल्सिना 'गुरुआमा' ले गरेकी हुन् । करण चैसिरको छायाङ्कन रहेको भिडियोलाई नवीन घर्ती मगरले सम्पादन गरेका हुन् । गुरुआमा फिल्मसको पोस्ट प्रोडक्सन रहेको भिडियो सर्जक कस्तुप पन्तकै अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ । नेपाली मौलिक बाजाको ताल, रमाइलो वातावरण र सन्देशमूलक शब्दका कारण सार्वजनिक भएलगत्तै गीतलाई दर्शक तथा श्रोताले मनाराउका छन् भने प्रतिक्रिया पनि राम्रो दिइरहेका छन् ।

# धनुषाका तीन वडाध्यक्षलाई सर्वोच्च अदालतद्वारा यथास्थितिमै रहेर कामकाज गर्न निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १३ असोज**



दल परित्यागसम्बन्धी मुद्दामा कारबाहीमा परेका धनुषाका तीन वडाध्यक्षलाई सर्वोच्च अदालतले यथास्थितिमै रहेर कामकाज गर्न निर्देशन दिएको छ । धनुषा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत पर्ने शहीदनगर नगरपालिका-८ का वडाध्यक्ष तनुकलाल कुसियैत, विदेह नगरपालिका-६ का वडाध्यक्ष जयराम मण्डल र कमला नगरपालिका-५ का वडाध्यक्ष शिवा पासवानलाई सर्वोच्च अदालतले तत्कालका लागि आफ्नो पदमा रहेर काम गर्न बाटो खुला गरिदिएको हो । दल परित्याग सम्बन्धी विवादमा उनीहरू कारबाहीमा परेपछि पद तथा जिम्मेवारी सम्बन्धी अन्योल उत्पन्न भएको थियो । उक्त विषयमा परेको मुद्दामा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै उनीहरूलाई यथास्थितिमा रही कामकाज गर्न दिएको हो । सर्वोच्चको आदेशसँगै तीनै जना वडाध्यक्षले सम्बन्धित वडाको नियमित कामकाज तथा सेवा प्रवाहलाई निरन्तरता दिन पाउने भएका छन् । यद्यपि, दल परित्यागसम्बन्धी मूल विवादको अन्तिम टुंगो भने मुद्दाको थप सुनुवाइबाट हुने देखिएको छ ।

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
गोलबजार नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

जनहितमा जारी सन्देश

- बाढी तथा डुबानबाट बच्न सुरक्षित स्थानको पहिचान गरौं ।
- मौसमसम्बन्धी सूचना नियमित रुपमा सुनौं ।
- वर्षाको समयमा नदी, खोला, पुल तथा बाढी प्रभावित क्षेत्रमा नजानुहोस् ।
- मेघगर्जन तथा चट्याङ परेको बेला घरभित्र सुरक्षित बसौं, खुला मैदानमा ननिस्कनुहोस् ।
- चट्याङ परेको बेला विद्युतीय उपकरण बन्द गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिको विशेष ध्यान दिऔं ।
- आपतकालीन अवस्थामा नजिकको सुरक्षा निकाय वा स्थानीय तहमा सम्पर्क गरौं ।

अनुरोधकर्ता
नरहा नगरपालिका कार्यालय
सिरहा, मधेश प्रदेश

# वीरगञ्जको नेतृत्वका लागि ईन्जिनियर गुप्तालाई अघि बढ्न आग्रह



**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, १३ असोज**

वीरगञ्ज महानगरपालिकाको आगामी नेतृत्वका विषयमा बहस सुरु भइरहेका बेला विकास व्यवस्थापन, वातावरण तथा प्राविधिक क्षेत्रमा काम गरेको अनुभव भएका इन्जिनियर मनोजकुमार गुप्ताको नाम पनि चर्चामा आएको छ। वीरगञ्जका बौद्धिक, प्राविधिक तथा विभिन्न पेशागत क्षेत्रका व्यक्तिले गुप्तालाई महानगरपालिकाको नगर प्रमुख पदमा उम्मेदवारी दिन आग्रह गरेका छन् । उनीहरूले वीरगञ्जको आर्थिक तथा औद्योगिक सम्भावनालाई योजनाबद्ध विकासमा रूपान्तरण गर्न, लामो समयदेखि देखिँदै आएका सहरी समस्या समाधान गर्न तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन विकास व्यवस्थापन र प्राविधिक क्षेत्रको अनुभव भएका व्यक्तिको आवश्यकता रहेको बताएका छन् । गुप्तालाई नगर प्रमुखका रूपमा अघि बढ्न आग्रह गर्नुको मुख्य आधार उहाँको विकास व्यवस्थापन, वातावरण, नवीकरणीय ऊर्जा, परियोजना सञ्चालन तथा अन्तर्राष्ट्रिय विकास साझेदारसँगको सहकार्यको अनुभव रहेको उनीहरूको भनाइ छ ।

वीरगञ्जको मुख्य सडक, ढल, डुबान, फोहोर व्यवस्थापन, पार्किङ, यातायात, वातावरण, स्वास्थ्य, शिक्षा तथा सार्वजनिक सेवा प्रवाहका समस्या समाधानका लागि दीर्घकालीन योजना आवश्यक रहेको गुप्ताको धारणा छ । उहाँले महानगरको विकासलाई सडक तथा भौतिक संरचना निर्माणमा मात्र सीमित नगरी नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिनुपर्ने बताउनुभएको छ । **राजनीतिक दलभन्दा विकासको बहस** नेपाली कांग्रेस निकट श्याम पोखरेलले गुप्ताले राजनीतिक दलभन्दा आफ्नो कामलाई प्राथमिकता दिएको आफूले पाएको बताउँदै उहाँजस्ता व्यक्तिबाट वीरगञ्जको विकासका विषयमा फरक ढङ्गको बहस सुरु हुन सक्ने धारणा व्यक्त गर्नुभयो। समाजवादी पार्टी पर्साका अध्यक्ष रामनरेश यादवले गुप्ता गरिबी निवारण कोषको परियोजना प्रमुखका रूपमा पर्सामा कार्यरत रहँदा न्यून आय भएका नागरिकको जीवनस्तर सुधारका क्षेत्रमा काम गरेको स्मरण गर्नुभयो ।उहाँका अनुसार गुप्ताले जगरनाथपुर क्षेत्रमा स्थानीय स्रोतको प्रयोगबाट ग्यासिफायर प्लान्ट सञ्चालन गरी वैकल्पिक ऊर्जासम्बन्धी कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

स्थानीय स्रोत र प्रविधिको प्रयोगबाट रोजगारी सिर्जना गर्ने प्रयासमा उहाँको भूमिका रहेको यादवको भनाइ छ । नेकपा एमालेका नेता ज्वाला साहले गुप्ताले गोबरबाट बायोग्यास, खेर जाने कृषि तथा औद्योगिक सामग्रीको प्रयोगबाट बायो-पेन्ट, हस्क पेलेट तथा सेतो पथ्थरजस्ता उत्पादनसँग सम्बन्धित उद्योग सञ्चालनको प्रयास गरेको बताउनुभयो ।स्थानीय स्रोत, सीप र प्रविधिमा आधारित साना उद्योगमार्फत रोजगारी सिर्जना गर्ने सोचलाई महानगरको विकाससँग जोड्न सकिने उहाँको भनाइ छ ।

पत्रकार छट्ठु साहले गुप्ता पर्सामा कार्यक्रम प्रमुखका रूपमा कार्यरत रहँदा समुदाय परिचालनका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरेको स्मरण गर्नुभयो ।उहाँका अनुसार समुदायबाट हुने औपचारिक स्वागत कार्यक्रममा फूलमाला लगाउने परम्पराको सट्टा राष्ट्रिय गानबाट स्वागत गर्ने अभ्यासलाई प्रोत्साहन गरिएको थियो। स्थानीय समुदायलाई बर-पीपलका बिरुवा रोप्न प्रोत्साहित गर्ने तथा विपन्न र सर्पदंशबाट प्रभावित परिवारलाई रोजगारीमूलक गतिविधिमा जोड्ने कार्यक्रम सञ्चालनमा समेत गुप्ताको भूमिका रहेको साहले बताउनुभयो ।

**सहरी समस्यालाई प्राथमिकतामा राख्ने धारणा:** गुप्ताले वीरगञ्ज नेपालको प्रमुख व्यापारिक तथा औद्योगिक केन्द्र भए पनि सहरी व्यवस्थापनका आधारभूत विषय अझै चुनौतीपूर्ण रहेको बताउनुभएको छ। उहाँका अनुसार सडक, ढल, वर्षायामको डुबान, फोहोर व्यवस्थापन, पार्किङ तथा यातायात, वातावरण संरक्षण, सार्वजनिक स्वास्थ्य, शिक्षा र सेवा प्रवाहमा सुधार आवश्यक छ । वीरगञ्जसँग व्यापार, उद्योग, रोजगारी, युवा जनशक्ति र भौगोलिक अवस्थिति जस्ता पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै उहाँले त्यसको प्रत्यक्ष लाभ नागरिकको जीवनस्तरमा देखिनुपर्ने बताउनुभएको छ । महानगरको विकासलाई ठूला भवन, सडक र अन्य भौतिक संरचना निर्माणमा मात्र सीमित गर्न नहुने उहाँको भनाइ छ। सफा सडक, व्यवस्थित फोहोर व्यवस्थापन, स्वच्छ वातावरण, सहज सार्वजनिक सेवा, गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, सुरक्षित सार्वजनिक स्थान र रोजगारीका अवसर पनि विकासका महत्वपूर्ण सूचक भएको उहाँले बताउनुभएको छ। नगर प्रमुखको पदलाई व्यक्तिगत प्रतिष्ठाभन्दा सार्वजनिक जिम्मेवारीका रूपमा लिनुपर्ने गुप्ताको धारणा छ ।

उपलब्ध स्रोतको सही उपयोग, प्राथमिकता निर्धारण, नागरिकसँग प्रत्यक्ष संवाद, समयसीमासहितको कार्ययोजना र त्यसको परिणामबारे सार्वजनिक जवाफदेहिता स्थानीय नेतृत्वको आधार बन्नुपर्ने उहाँले बताउनुभएको छ । **फोहोर व्यवस्थापनमा प्रणाली परिवर्तनको प्रस्ताव** गुप्ताले वीरगञ्जको फोहोर व्यवस्थापनलाई नियमित सरसफाइ अभियानमा मात्र सीमित नगरी फोहोर सङ्कलनदेखि वर्गीकरण, पुन:प्रयोग र प्रशोधनसम्मको एकीकृत प्रणाली आवश्यक रहेको बताउनुभएको छ । त्यसका लागि घर तथा व्यवसायबाटै फोहोर वर्गीकरण गर्ने, पुनःप्रयोग गर्न सकिने सामग्री छुट्याउने र जैविक फोहोरबाट उपयोगी वस्तु उत्पादन गर्न सकिने प्रणाली विकास गर्नुपर्ने उहाँको प्रस्ताव छ ।

वर्षायाममा दोहोरिने डुबानको समस्या समाधान गर्न सडक र ढल निर्माणलाई छुट्टाछुट्टै योजनाका रूपमा अघि बढाउनुको सट्टा समग्र जलनिकास प्रणालीको अध्ययन गरी दीर्घकालीन पूर्वाधार योजना बनाउनुपर्ने उहाँको भनाइ छ । पार्किङ र यातायात व्यवस्थापन, सार्वजनिक स्थानको संरक्षण तथा अव्यवस्थित सहरीकरण नियन्त्रणलाई पनि महानगरको दीर्घकालीन योजनामा समेट्नुपर्ने उहाँले बताउनुभएको छ। **उद्योग र रोजगारीमा जोड** वीरगञ्जको औद्योगिक तथा व्यापारिक पहिचानलाई स्थानीय रोजगारी र आर्थिक विकाससँग जोड्नुपर्ने गुप्ताको धारणा छ । उद्योग तथा व्यवसाय सञ्चालनका लागि आवश्यक पूर्वाधार र महानगरबाट उपलब्ध हुने सेवामा सुधार, स्थानीय उद्यमशीलता प्रवर्द्धन, स्टार्टअप, सीप विकास तथा सार्वजनिक-निजी साझेदारीमार्फत रोजगारीका अवसर सिर्जना गर्नुपर्ने उहाँले बताउनुभएको छ । युवाले रोजगारीका लागि अन्यत्र जानुपर्ने बाध्यता कम गर्न स्थानीय उत्पादन, उद्यम र सीपलाई बजारसँग जोड्नुपर्ने उहाँको प्रस्ताव छ ।

महानगरले निजी क्षेत्रसँग सहकार्य गरेर लगानीका क्षेत्र पहिचान गर्न, स्थानीय उत्पादनलाई बजार उपलब्ध गराउन तथा नयाँ उद्यम सञ्चालनका लागि आवश्यक सहजीकरण गर्न सक्ने उहाँको धारणा छ। **स्वास्थ्य र शिक्षालाई सहरी विकाससँग जोड्ने** गुप्ताले वीरगञ्जको विकासलाई सडक, पुल तथा भवन निर्माणमा मात्र सीमित गर्न नहुने बताउनुभएको छ। गुणस्तरीय शिक्षा, प्राविधिक तथा सीपमूलक शिक्षाको विस्तार, सहज स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ तथा वातावरण संरक्षणलाई सहरी विकासका आधारका रूपमा लिनुपर्ने उहाँको धारणा छ । महिला र युवाको सुरक्षित तथा सम्मानजनक सार्वजनिक सहभागिताका लागि आवश्यक वातावरण निर्माण तथा युवाले आफ्नै सहरमा सम्भावना देख्न सक्ने अवस्था सिर्जना गर्नुपर्ने उहाँले बताउनुभएको छ । **सार्वजनिक सेवा डिजिटल बनाउने प्रस्ताव** महानगरबाट सेवा लिँदा नागरिकले अनावश्यक झन्झट व्यहोर्नुपर्ने अवस्था अन्त्य गर्न सार्वजनिक सेवामा डिजिटल प्रणाली विस्तार गर्नुपर्ने गुप्ताको प्रस्ताव छ ।

आवेदनको अवस्था, सेवा प्राप्त गर्ने प्रक्रिया र लाग्ने समयबारे नागरिकले अनलाइनबाट जानकारी लिन सक्ने प्रणाली विकास गर्नुपर्ने उहाँको भनाइ छ । महानगरका योजना, बजेट तथा खर्चको सार्वजनिक अनुगमन गर्न सकिने प्रणाली विकास गरी जनप्रतिनिधि र कर्मचारीलाई सेवाग्राहीप्रति थप उत्तरदायी बनाउनुपर्ने उहाँले बताउनुभएको छ। **१७ वर्षभन्दा बढी विकास क्षेत्रमा काम गरेको अनुभव** गुप्ताले विश्व बैंक तथा संयुक्त राष्ट्र संघसम्बद्ध पहलसहित अन्तर्राष्ट्रिय विकास संस्थामा १७ वर्षभन्दा बढी काम गरेको बताइएको छ ।

परियोजना व्यवस्थापन, सरोकारवालासँगको समन्वय, नीतिगत संवाद तथा अन्तर्राष्ट्रिय सहकार्य उहाँको अनुभवका प्रमुख क्षेत्र रहेको बताइएको छ। उहाँले रुस, भारत र बेलायतका कूटनीतिक नियोगसँग व्यावसायिक, सांस्कृतिक तथा प्राविधिक क्षेत्रमा समन्वय गर्दै विज्ञान तथा प्रविधि, लगानी प्रवर्द्धन, जलवायु परिवर्तन तथा विकास सहकार्यसम्बन्धी विषयमा काम गरेको बताउनुभएको छ।

अन्तर्राष्ट्रिय सम्मेलन, प्राविधिक मञ्च, विद्यार्थी फोरम तथा द्विपक्षीय र बहुपक्षीय विकास साझेदारसँगको समन्वयमा समेत काम गरेको उहाँको भनाइ छ। **वातावरण र हरित प्रविधिमा संलग्नता** गुप्ताको व्यावसायिक पृष्ठभूमि वातावरण र हरित प्रविधिसँग समेत जोडिएको छ। उहाँले हस्क पावर नेपाल प्रालि स्थापना गरी स्वच्छ चुलो, ग्यासिफायर चुलो, औद्योगिक तथा व्यावसायिक चुलो, बायो-पेन्ट तथा हस्क पेलेटलगायतका उत्पादनको क्षेत्रमा काम गरेको विवरण सार्वजनिक गर्नुभएको छ । वीरगञ्ज औद्योगिक सहर भएकाले उद्योग विस्तारसँगै वातावरणीय सन्तुलन, फोहोर व्यवस्थापन, हरियाली तथा स्वच्छ ऊर्जा प्रवर्द्धनलाई महानगरको विकास योजनासँग जोड्नुपर्ने उहाँको धारणा छ।

**युक्रेनमा अध्ययन** गुप्ताले युक्रेनबाट Applied Ecology विषयमा स्नातक तथा स्नातकोत्तर तहको अध्ययन गरेको विवरण उहाँको परिचयमा उल्लेख छ। सन् १९९९ मा युक्रेनस्थित Odessa Hydrometeorological Institute मा विद्यावारिधि अध्ययन पूरा गरेको तथा सन् २०१० मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत हाइड्रोलोजी तथा मेटेरोलोजी विभागबाट नवीकरणीय ऊर्जासम्बन्धी विद्यावारिधि छात्रवृत्ति प्राप्त गरेको उहाँले बताउनुभएको छ। उहाँको शैक्षिक तथा व्यावसायिक पृष्ठभूमि वातावरण, जलवायु, ऊर्जा र विकास व्यवस्थापनसँग सम्बन्धित रहेको देखिन्छ । **सम्मान तथा पुरस्कार** गुप्ताले विभिन्न शैक्षिक तथा व्यावसायिक सम्मान प्राप्त गरेको विवरणसमेत सार्वजनिक गरिएको छ। उहाँका अनुसार विसं २०५९ मा महेन्द्र विद्याभूषण 'ग' स्वर्ण पदक तथा विसं २०६२ मा नेपाल विद्याभूषण 'ख' स्वर्ण पदक प्राप्त गर्नुभएको थियो ।

स्वच्छ चुलोको विकास तथा प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै वन तथा वातावरण मन्त्रालयबाट विसं २०७६ मा जलवायु परिवर्तन व्यवस्थापन पुरस्कार प्राप्त गरेको उहाँको दाबी छ । त्यसैगरी सन् २०१६ मा ICIMOD को स्वच्छ चुलो डिजाइन प्रतियोगितामा विजेता तथा सन् २०१४ मा विश्व बैंकसमर्थित गरिबी निवारण कोष कार्यक्रमअन्तर्गत उत्कृष्ट पोर्टफोलियो व्यवस्थापक पुरस्कार प्राप्त गरेको विवरण उहाँले दिनुभएको छ । **पहिलो सय दिनदेखि पाँच वर्षसम्मको कार्ययोजना** गुप्ताले स्थानीय राजनीतिक बहसलाई व्यक्ति केन्द्रित प्रचारभन्दा वीरगञ्जको विकास योजनामा केन्द्रित गर्नुपर्ने बताउनुभएको छ। निर्वाचित हुने नगर प्रमुखले पहिलो सय दिन, पहिलो वर्ष र पाँच वर्षमा गर्ने कामको प्राथमिकता नागरिकसमक्ष स्पष्ट रूपमा राख्नुपर्ने उहाँको धारणा छ। महानगरको आन्तरिक आम्दानी कसरी बढाउने, खर्चलाई कसरी पारदर्शी बनाउने, फोहोर, डुबान, सडक, ढल र यातायातका समस्या कुन क्रममा समाधान गर्ने, उद्योग तथा रोजगारी कसरी विस्तार गर्ने र नागरिकलाई सार्वजनिक सेवा कसरी सहज बनाउने भन्ने विषयमा समयसीमासहितको कार्ययोजना आवश्यक रहेको उहाँले बताउनुभएको छ । **'मेयर बन्नेभन्दा जिम्मेवारी लिन चाहन्छु'** गुप्ताले नगर प्रमुखको पदलाई व्यक्तिगत प्रतिष्ठा वा राजनीतिक परिचय बनाउने माध्यमका रूपमा नभई सार्वजनिक जिम्मेवारीका रूपमा लिनुपर्ने बताउनुभएको छ ।

महानगरका समस्या जटिल भएकाले 'सबै कुरा म एक्लैले परिवर्तन गरिदिन्छु' भन्नेभन्दा राजनीतिक तथा प्रशासनिक तहबीच समन्वय, स्पष्ट योजना र निरन्तर कार्यान्वयन आवश्यक रहेको उहाँको भनाइ छ ।

आफ्नो दृष्टिकोण र क्षमता नागरिकसमक्ष राखेर अन्तिम निर्णय जनतामै छाड्ने उहाँले बताउनुभएको छ । वीरगञ्जका बौद्धिक, प्राविधिक तथा पेशागत क्षेत्रबाट आएको आग्रहसँगै गुप्ताको सम्भावित उम्मेदवारीले सहरी पूर्वाधार, वातावरण, विकास व्यवस्थापन, उद्योग-रोजगारी तथा सार्वजनिक सेवा प्रवाहका विषयलाई स्थानीय राजनीतिक बहसमा ल्याएको छ। यद्यपि गुप्ताको नगर प्रमुख पदमा उम्मेदवारीको औपचारिक घोषणा, राजनीतिक सहकार्य र निर्वाचनमा सहभागी हुने अन्तिम निर्णय भने स्पष्ट भइसकेको छैन । आगामी राजनीतिक प्रक्रियाबाट त्यसको स्वरूप तय हुने बताइएको छ ।

## *सञ्चालनमै नआउँदै सोनमाका...............*

। भौतिक पूर्वाधार कार्यालय महोत्तरीका प्रमुख रामकिशोर साहले घटनाको निष्पक्ष छानबिनका लागि सम्बन्धित निकायलाई आग्रह गरिएको बताए ।

उनले नयाँ ट्रान्सफर्मर जडानका लागि हाल बजेट अभाव रहेको जानकारी दिँदै जडान भइसकेका ट्रान्सफर्मरबाट विद्युत सेवा सञ्चालन गर्ने प्रयास भइरहेको बताए । केही दिनभित्रै विद्युत सेवा सञ्चालन हुने तयारी भइरहेका बेला ट्रान्सफर्मर चोरी हुनु दुःखद् भएको साहले बताए । महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी संजयकुमार पोखरेलले घटनाको तत्काल छानबिन गरी दोषी पत्ता लगाउन जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई पत्राचार गरिएको जानकारी दिए ।

प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८२/८३ मा महोत्तरी जिल्लामा मात्रै २८ वटा ट्रान्सफर्मर चोरीका घटना भएका छन् । पछिल्लो घटनाले कृषि क्षेत्रमा विद्युत सेवा विस्तार र ट्रान्सफर्मरको सुरक्षा व्यवस्थामाथि समेत प्रश्न उठाएको छ ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday